नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७७/७८
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ३१५९

मिति : २०७८।३।३

श्री महानगर/उपमहानगर/नगर/गाउँ पालिकाको कार्यालय,

सबै।

**विषय: नीति तथा कार्यक्रममा समावेश गराउने सम्बन्धमा।**

उपर्युक्त विषयमा नेपाल सरकार तथा विश्व बैंकबीच भएको ऋण सम्झौता (**IDA Loan Number 5912-NP**) अनुसार यस विभाग अन्तरगत सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनाबाट तहाँ स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमहरुको लागि सशर्त अनुदान अन्तरगत यस विभागको बजेट उप शिर्षक ३१४०१०११ बाट तहाँ स्थानीय तहको बजेट उपशिर्षकमा आ.ब. २०७८।०७९ को लागि रकम सशर्त अनुदान **Line Ministry Budget Information System (LMBIS)** प्रणालीमा कार्यक्रम सहित प्रविष्ट गरी पठाईएको हुदाँ उक्त प्रणालीमा उल्लेख भए बमोजिमको कार्यक्रम तथा रकम स्थानीय तहको नीति तथा कार्यक्रममा अनिवार्य समावेश गराउनु हुन अनुरोध छ।

साथै यस अघि विभागको च. नं. १७९६ मिति २०७७।११।२८ को पत्रानुसार तहाँ कार्यरत एम.आई. एस. अपरेटर तथा फिल्ड सहायकको एक चौमासिकको पारिश्रमिक श्रोत साझेदारीको लागि अनुरोध गरिएकोमा तहाँबाट उक्त अनुरोध स्वीकार गरी प्रतिवद्दता प्राप्त भएकोले सोको लागि विभाग हार्दिक आभार व्यक्त गर्दछ। अत: तहाँ स्थानीय तहबाट आ.ब. २०७८।०७९ को लागि तय गरिने नीति, कार्यक्रम तथा बजेटमा सो प्रतिवद्दता अनुसार तहाँ कार्यरत एम.आई. एस. अपरेटर तथा फिल्ड सहायकका लागि एक चौमासिक बराबरको पारिश्रमिक समेत समावेश गराउनुहुन अनुरोध छ।

(जितेन्द्र बस्नेत)
महानिर्देशक